ISSN NO . 2676–1297

# आई. ए. रिचर्डसका मूलभूत साहित्य सिद्धान्तहरू

यादवप्रसाद शर्मा*

***अध्ययनसार***

*आई. ए. रिचर्डसका 'मूल्य सिद्धान्त, सम्प्रेषण सिद्धान्त र कल्पना सिद्धान्तजस्ता साहित्य सिद्धान्तलाई सङ्क्षिप्त एवं प्रस्टरूपमा प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित यस लेखका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ र यसरी सङ्कलित सामग्रीको विश्लेषण गरेर सिद्धान्तको परीक्षण गरिएको छ। यस लेखमा सर्वप्रथम रिचर्डसको सङ्क्षिप्त परिचय दिनुका साथै उनका सिद्धान्तहरूको पृष्ठभूमि प्रस्तुत गरिएको छ र अन्त्यमा आन्तरिक सन्तुलनका कारण थोरैभन्दा थोरै एषणा, अनुभूति वा आवेगहरू विफल, परित्यक्त, दमित वा वर्जित हुने हुँदा कलाकारकै मनोव्यवस्थालाई उच्चतम ठान्ने रिचर्डस मध्यमार्गी देखिए पनि दश-दशमांस आवेगहरूको स्थायी विश्रान्तिको स्थितिको प्राप्ति प्रज्ञामा स्थित नरहेसम्म अर्थात् पूर्ण रूपमा साक्षी वा स्थितप्रज्ञ नबनेसम्म सम्भव नै हुँदैन भन्ने कुरामा अनभिज्ञ नै देखिन्छन्। रिचर्डसले पाठक साहित्यकारजति व्युत्पत्तिसम्पन्न, बहुश्रुत तथा बहुविज्ञ नभएको स्थितिमा सम्प्रेषणमा कठिनाइ आइपर्ने र सम्प्रेष्यता कमजोर हुने अवस्था आउनसक्ने सम्भावना रहे पनि सम्प्रेषणका दृष्टिले कृति प्रभावकारी हुनाको प्रमुख कारण रूपतात्त्विक विशेषता रहेको र यदाकदा नयाँ सामाजिक अभिवृत्तिका विकासले उच्च मूल्यका कृति पनि कम लोकप्रिय हुन सक्ने कुरा पनि औँल्याएका छन्। रिचर्डसले विरुद्ध वा विसंवादी तत्त्व/गुणहरूबीच सन्तुलन/समन्वय कायम गर्ने संश्लेषणात्मक शक्तिका रूपमा कल्पनालाई चिनाउँदै विरेचन प्रक्रियालाई पनि मूल्य सिद्धान्त तथा कल्पना सिद्धान्तसँग जोडेर पुनर्व्याख्या गर्ने प्रयत्न गरेका छन्। उनले कलरिजको कल्पना सिद्धान्त र आफ्नै मूल्य सिद्धान्तको व्याख्याका निम्ति सर्वोत्कृष्ट उदाहरणका रूपमा दुःखान्त नाटकलाई ग्रहण गरेका छन् किनभने त्रास र करूणाजस्ता परस्पर विपरीत आवेगहरूको सन्तुलन, सामञ्जस्य तथा समाहिति दुःखान्त नाटकमा जति समृद्ध रूपमा अन्यत्र भेटिँदैन। यसरी कल्पना सिद्धान्तमा मूल्यवादी रिचर्डस, कल्पनावादी कलरिज र विरेचनवादी अरिस्टोटलजस्ता तीन महान् चिन्तकहरूको सैद्धान्तिक मिलन भएको छ भन्ने निष्कर्ष दिइएको छ।*

***शब्दावली*** *: मनोविज्ञान, मनोवेग, एषणा, विमुखता, विरोध-परिहार।*

## १.विषयपरिचय

बेलायतको सेन्डब्याक चेसायर भन्ने ठाउँमा सन् १८९३ फेब्रुअरी २६ मा जन्मेका बीसौँ शताब्दीका प्रसिद्ध अङ्ग्रेजी कवि तथा समालोचक आई. ए. रिचर्डस (Ivor Armstrong Richards) ले जन्मस्थानकै एउटा विद्यालयबाट प्राथमिक शिक्षा आर्जन गरी म्याकडलेन कलेज क्याम्ब्रिजबाट उच्च शिक्षा प्राप्त गरेका थिए। आफ्नो पढाइ सकेपछि सन् १९२२ देखि सन् १९२९ सम्म त्यही कलेजमा प्राध्यापन पनि गरे। सन् १९३० का दशकमा उनी अन्तर्राष्ट्रिय क्षेत्रका लागि आवश्यक पर्ने अङ्ग्रेजी भाषाका आधारभूत शब्दको अनुसन्धानमा केन्द्रित भए। सन् १९४४ देखि हार्वर्ड विश्वविद्यालयमा प्राध्यापन गरेका रिचर्डस भाषाशास्त्री, कवि एवं विशिष्ट समालोचकका रूपमा समेत सुपरिचित छन्। उनले सहलेखन र एकल लेखनबाट *The Foundation of Aesthetic*(1922, with C. K. Ogden & Jemes Wood), *The Meaning of Meaning* (1923, with C. K. Ogden), *Principles of Literary Criticism* (1924), *Science and Poetry* (1926), *Practical Criticism* (1929), *Coloridge on Imagination* (1934), *The Philosophy of Rhetoric* (1936) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन्। आफ्ना सहपाठी सि. के. अग्डेन र जेम्स

---

* लेखक त्रिभुवन विश्वद्यािलयअन्तर्गत सरस्वती बहुमुखी क्याम्पसका सहप्राध्यापक हुन्।

उडसँग मिलेर लेखिएको प्रथम कृति *The Foundation of Aesthetic* मा कलाकृतिबाट श्रोता, पाठक वा दर्शकमा पर्ने मानसिक प्रभाव वा मानसिक प्रतिक्रियाका विषयमा अध्ययन गरिएको छ भने सि. के. अग्डेनसितको सहकार्यमा लेखिएको द्वितीय कृति *The Meaning of Meaning*अर्थविज्ञानसँग सम्बन्धित छ ।स कृतिमा अर्थसम्बन्धी प्रचलित मान्यताको खण्डन गरी भाषाको प्रतीकात्मक तथा भावात्मक रूपको चर्चा गरिएको छ ।

रिचर्डसद्वारा एक्लै लेखिएको कृति *Principles of Literary Criticism*मा मनोविज्ञानमा आधारित समालोचनाको नयाँ पद्धति/सिद्धान्त प्रस्तुत गरिएको छ। यिनले आफ्नो *Practical Criticism* भन्ने कृतिमा मनोविज्ञानमा आधारित समालोचनाको नयाँ पद्धति/सिद्धान्तको समालोचनात्मक प्रयोग गरेका छन् । रिचर्डसले विभिन्न विषयसँग सम्बन्धित अनेकौँ कृतिहरू प्रकाशित गरेका भए तापनि यिनलाई विशिष्ट साहित्य चिन्तक तथा समालोचकका रूपमा चिनाउने कृतिहरूका रूपमा *Principles of Literary Criticism* (1924) र *Practical Criticism* (1929)विशेष उल्लेख्य रहेका छन् । रिचर्डसले आफ्नो *Coleridge on Imagination*नामक कृतिमा कलरिजको तुलना प्रसिद्ध वैज्ञानिक ग्यालिलियोसँग गर्दै कलरिजलाई साहित्यिक समालोचनाको इतिहासमा सृजनाविज्ञानका नयाँ युगका प्रवर्तकका रूपमा चित्रण गरेका छन् । रिचर्डसको देहावसान ७ सेप्टेम्बर सन् १९७९ मा ८६

वर्षको उमेरमा क्याम्ब्रिजमा भयो । रिचर्डसका कलासाहित्य तथा समालोचनासम्बन्धी दृष्टिकोणहरूमा मूल्य सिद्धान्त, सम्प्रेषण सिद्धान्त र कल्पना सिद्धान्त महत्त्वपूर्ण रहेका छन् । अतः यस लेखमा पनि रिचर्डसका कलासाहित्य तथा समालोचनासम्बन्धी दृष्टिकोणहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्दै उनका मूल्य सिद्धान्त, सम्प्रेषण सिद्धान्त र कल्पना सिद्धान्तमा प्रकाश पारिएको छ ।

यस लेखका निम्ति आवश्यक सम्पूर्ण सामग्रीहरू द्वितीयक स्रोतबाट लिइएको छ र सामग्री सङ्कलनको आधार पुस्तकालय रहेको छ। यो लेख रिचर्डसका मूल्य सिद्धान्त, सम्प्रेषण सिद्धान्त र कल्पना सिद्धान्तजस्ता बहुचर्चित पूर्वस्थापित सिद्धान्तमाथिकै विमर्श भएकाले यस विषयमा विभिन्न विद्वान् अनुसन्धाता एवं समालोचकहरूका व्याख्या-विश्लेषण र विचारहरूको तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ ।

## २.रिचर्डसको कला-साहित्यसम्बन्धी दृष्टिकोण

रिचर्डसले कलासाहित्यको मूल्यलाई मनोविज्ञानसँग जोडेर नुतन किसिमले गम्भीर चिन्तन प्रस्तुत गरेका छन् । यिनको कलासाहित्यसम्बन्धी चिन्तन मनोवैज्ञानिक प्रवृत्तिको हुनाका साथै व्यावहारिक किसिमको पनि छ । उनले मानवीय नैतिक मूल्यहरू विघटित हुँदै गएर अस्तव्यस्त एवं तनावग्रस्त बन्दै गएको वर्तमान भौतिकवादी युगमा कलासाहित्यका माध्यमबाट मानवीय संवेदना र अनुभूतिलाई विस्तार गर्दै मानवमनका आवेगहरूलाई सन्तुलित तथा व्यवस्थित तुल्याएर मानवलाई मानसिक तनावबाट मुक्त गर्न सकिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । अनेकौँ प्रकारका संस्कारजन्य आवेगहरूको भण्डारका रूपमा रहेको अचेतन मन/भित्री मन/अनुशय चित्तमा विविध कारणबाट तनाव वा विषमताको अवस्था पैदा भइरहन्छ। यस्तो अवस्थामा ती तनाव वा विषमतालाई उन्मूलन गरी मानवमनलाई स्वस्थ, सन्तुलित र व्यवस्थित तुल्याउने काम कलासाहित्यले गर्न सक्छ भन्ने यिनको विचार रहेको छ। रिचर्डसले कविताको पठनसम्बन्धी नवीन तथा प्रभावकारी प्रक्रियाको चर्चा गर्दै कलासाहित्य र खासगरी कविताले मानवमनका आवेगहरूलाई सौदर्यशास्त्रीय/कलात्मक ढङ्गबाट संयोजन गर्ने कुरा अभिव्यञ्जित गरेका छन् । रिचर्डसद्वारा आफ्ना सहपाठी सि. के. अग्डेन र जेम्स उडसँग मिलेर लेखिएको कृति *The Foundation of Aesthetic*मा कलाकृतिबाट श्रोता, पाठक वा दर्शकमा पर्ने मानसिक प्रभाव वा मानसिक प्रतिक्रियाका विषयमा अध्ययन गरिएको छ र यस कृतिले व्यावहारिक समालोचना र पाठक प्रतिक्रिया समालोचनामा प्रभाव परेको पाइन्छ ।

## ३.रिचर्डसको समालोचनासम्बन्धी दृष्टिकोण

प्रसिद्ध साहित्य चिन्तक तथा समालोचक रिचर्डस अर्थविज्ञान, मनोविज्ञान तथा सौन्दर्यशास्त्रका विशिष्ट अनुसन्धाता हुन् । उनले कला-साहित्यसम्बन्धी चिन्तनका साथै समालोचनासम्बन्धी आफ्ना दृष्टिकोणहरू पनि प्रस्तुत गरेका छन् । यिनको समालोचना पद्धति पनि अर्थविज्ञान र मनोविज्ञानमा आधारित मानिन्छ । रिचर्डसले आफूपूर्व प्रचलित समालोचना पद्धति अनुमानमा आधारित, अनावश्यक पुनरुक्तियुक्त, पूर्वाग्रही तथा विशृङ्खल रहेको भन्दै आलोचना गरेका छन् । अहिलेसम्म कलाकृतिका विषयमा प्रस्तुत गरिएका मान्यता तथा कलाकृतिसम्बन्धी व्याख्या र परिभाषाले कलाको मूल्य निरूपण गर्न नसकेको भन्दै रिचर्डसले नवीन ढङ्गले कलाको मूल्य निरूपण गर्नुपर्ने कुरा औँल्याएका छन् । यिनले समालोचनाको प्रत्यक्ष सम्बन्ध कलाकृतिसँग रहने र कलाकृतिलाई सापेक्षिक रूपमा तुलनात्मक विधिले विश्लेषण गरी तिनका बीचमा रहेका समानता, भिन्नता तथा विशिष्टता केलाउँदै मूल्य निरूपण गर्नु नै समालोचना हो भन्ने विचार व्यक्त गरेका छन् । उनका विचारमा समालोचक सामान्य पाठक मात्र नभएर कलाकृतिका गुण-दोषको गम्भीर विश्लेषक पनि हो जसले कलाकृतिको प्रभाव केलाएर त्यसको मूल्य निर्धारण पनि गर्छ । उनी समालोचकमा निष्पक्षता, गम्भीरता तथा मूल्याङ्कन क्षमताजस्ता गुणहरूको अपरिहार्यता बताउँछन् । वस्तुपरक समालोचनामा जोड दिने रिचर्डसले कलाकृतिको मूल्य त्यसले पार्ने प्रभावमा निर्भर रहने कुरा औँल्याएका छन् ।

हाइड्रोजन र अक्सिजनको मेलबाट पानीको निर्माण भएजस्तो भौतिक यथार्थ समालोचनामा पूर्ण रूपमा लागू हुन सक्दैन । कुनै सुन्दर वस्तु देख्दा, गीतसङ्गीत सुन्दा वा कृति पढ्दा निश्चय नै सबैका मनमा कुनै न कुनै प्रभाव पर्छ र त्यही प्रभाव अनुसारको प्रतिक्रिया व्यक्त हुन्छ भन्दै यिनले मनोविज्ञान र समालोचनाका बीचमा सम्बन्ध स्थापित गर्ने प्रयास गरेका छन् । यिनका समालोचनाको उद्देश्य अनुभूतिको पृथकीकरण एवं मूल्याङ्कन रहेको र त्यसको साधनका रूपमा अनुभूतिको स्वरूप, मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तको ज्ञानलाई लिइएको छ ।

रिचर्डसले मूल्य सिद्धान्तलाई मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरेका छन् । उनका अनुसार मनका धेरैभन्दा धेरै एषणाको सन्तुष्टि नै मूल्य हो । उनले मनका धेरैभन्दा धेरै एषणा सन्तुष्ट भएर कमभन्दा कम एषणा विफल हुने मानसिकता नै मूल्यवान् हुन्छ भन्दै कलासाहित्यको मूल्यान्वेषण गरी मूल्याङ्कन/मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो भनेका छन् । भिन्न भिन्न कलाकृतिको सूक्ष्म पठन गरी तिनीहरूलाई तुलना गरेर कृतिका बीचको भिन्नता औँल्याउँदै तत्तत् कारण फलानोभन्दा फलानो मूल्यवान् छ भनी मूल्य निर्धारण गर्नु नै समालोचना हो । कलासाहित्य अनुभूतिको अभिव्यक्ति भएकाले मूल्यवान् अनुभूतिका सापेक्षतामा कलाको मूल्य निर्धारण गर्नुपर्छ भन्ने रिचर्डसको दृष्टिकोण रहेको छ । यसरी यिनका दृष्टिमा अनुभूतिको मूल्य नै कलामूल्यको आधार हो र त्यही मूल्यलाई स्पष्ट पार्नु समालोचनाको कार्य हो ।

### ४.रिचर्डका दृष्टिमा साहित्य र विज्ञानमा भिन्नता

रिचर्डसले आफ्ना पुस्तक *Principles of Literary Criticism* / *Science and Poetry* मा विज्ञान र ललित कलाहरूका बीचको पारस्परिक सम्बन्ध र भिन्नताका बारेमा पनि विवेचना गरेका छन् । उनका अनुसार प्रत्येक कथन वस्तुहरूतर्फ निर्दिष्ट हुन्छन् । जब निर्दिष्ट वस्तुहरू वास्तविक/सत्य हुन्छन् र तिनका बीच निर्दिष्ट सम्बन्ध पनि वास्तविक/सत्य हुन्छ भने त्यस्तो कथनलाई वैज्ञानिक कथन भनिन्छ । जस्तै : तापले हावा प्रसारित भएर फैलिन्छ र हलुङ्गो भएर माथितिर जान्छ भन्ने कथन वैज्ञानिक कथन हो किनभने यहाँ दुई वास्तविक/सत्य वस्तुहरू र तिनीहरूका बीचको वास्तविक/सत्य सम्बन्धको कुरा गरिएको छ । यदि कुनै कथनमा निर्दिष्ट वस्तुहरू वास्तविक/सत्य हुन् कि अवास्तविक/असत्य हुन् भन्ने कुरा महत्त्वपूर्ण हुँदैन र ती निर्दिष्ट वस्तुहरूको बीचको सम्बन्ध वास्तविक/सत्य हो कि अवास्तविक/असत्य हो भन्ने कुरा पनि महत्त्वपूर्ण हुँदैन अपितु उक्त कथनले मानवीय भावहरू (Feelings) र अन्तर्वेगहरू (Emotions)लाई जागृत गर्छ त्यस्तो छद्म कथन (Pseudo statement) लाई साहित्य भनिन्छ (चौधरी र गुप्त, २०००, पृ. २९५-९६) । यसरी साहित्यको सम्बन्ध बौद्धिक सत्यसँग नभएर रागात्मक प्रतिक्रियासँग हुन्छ भन्ने उनको आशय रहेको देखिन्छ ।

रिचर्डसका अनुसार बाह्य जगत्/भौतिक जगत् र अन्तर्जगत्/मनोजगत् गरी मानवीय अनुभवका दुई स्रोत हुन्छन् । विज्ञानको सम्बन्ध बाह्य जगत्/भौतिक जगत्सँग हुन्छ भने साहित्यको सम्बन्ध अन्तर्जगत्/मनोजगत्सँग हुन्छ। विज्ञानमा निर्दिष्ट कुराहरू वास्तविकतामा आधारित हुन्छन् भने साहित्य वास्तविक कुरामा आधारित हुनु अनिवार्य हुँदैन । यदि साहित्यमा निर्दिष्ट कुराहरू वास्तविकतामा आधारित भए पनि साहित्यको मूल्य वास्तविकताका आधारमा निर्धारित नभएर भावहरू(Feelings) र अन्तर्वेगहरू(Emotions) लाई जागृत गर्ने क्षमताका आधारमा निर्धारित हुन्छ। साहित्यका निर्देशहरू प्रायः अवास्तविक हुन्छन् । ती निर्देशहरू वास्तविक वा अवास्तविक जे भए पनि तिनको आन्तरिक सम्बन्ध अन्तर्वेगीय हुन्छ र साहित्यको तर्क पनि अन्तर्वेगीय हुन्छ। कुनै वैज्ञानिक कृतिलाई बुझ्न न्यायात्मक दृष्टि आवश्यक हुन्छ भने साहित्यिक कृतिलाई बुझ्न कलात्मक दृष्टि आवश्यक हुन्छ (गुप्त, २००३, पृ. १५८) । उनका दृष्टिमा वैज्ञानिक कृति बुद्धिमा आधारित हुन्छ भने साहित्यिक कृति हृदयका निकट हुन्छ ।

**५.रिचर्डसको मूल्यसिद्धान्त**

रिचर्डसका साहित्य सिद्धान्तहरूमध्ये मूल्य सिद्धान्तलाई प्रमुख तथा महत्त्वपूर्ण मानिन्छ। मूल्य (value) शब्द मूलतः अर्थशास्त्र र नीतिशास्त्रका क्षेत्रमा प्रचलित शब्द हो भने यसको सम्बन्ध मनोविज्ञानसँग पनि रहेको छ। मूल्य शब्दको अर्थशास्त्रीय अर्थको सम्बन्ध बाह्य वस्तुसँग सम्बन्धित छ भने नीतिशास्त्रीय अर्थ आन्तरिक प्रवृत्तिको रहेको छ। यही मूल्य शब्दलाई रिचर्डसले मानवमन वा मनोविज्ञानसँग जोडेर नवीन ढङ्गले हेर्दै भिन्न किसिमले प्रस्तुत गरेका छन् । रिचर्डसले नीति, आदर्श र उपयोगितावादको खण्डन गर्दै मूल्य (value) लाई मानवमन/मानव मनोविज्ञानसँग जोडेर नवीन किसिमबाट प्रस्तुत गरेका छन्। रिचर्डसका अनुसार मानवका मनोवेगहरू मूलतः दुई प्रकारहरू हुन्छन् र ती एषणा/इच्छा (Appetency) र द्वेष/विमुखता (Aversion) हुन्। एषणा/इच्छामा मानिस केही वस्तु वा स्थिति प्राप्तिका निम्ति उद्यत हुन्छ भने द्वेष/विमुखतामा केही वस्तु वा स्थितिप्रति मनमा विमुखता/विराग उत्पन्न हुन्छ। प्रथम प्रकारका मनोवेगहरू प्रवृत्तिमूलक हुन्छन् भने द्वितीय प्रकारका मनोवेगहरू निवृत्तिमूलक हुन्छन्। केही एषणा/इच्छाहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन् भने केही अलि कम महत्त्वपूर्ण हुन्छन्। रिचर्डसका विचारमा सर्वाधिक महत्त्वपूर्ण एषणा/आकाङ्क्षा तिनीहरू हुन् जसले अरू एषणा/आकाङ्क्षाहरूलाई बाधित नगरी वा कमभन्दा कम बाधित गरी आफ्नो अस्तित्वलाई कायम राख्छन्। एउटा एषणा/आकाङ्क्षा अर्को एषणा/आकाङ्क्षाको बाधक बन्यो भने मानसिक सन्तुलनमा आघात पर्छ। यसरी विशृङ्खल भएका मनोवेगहरूलाई सन्तुलित गर्ने क्रिया चलिरहन्छ जसलाई सङ्गठनको सिलसिला भनिन्छ। यस प्रकार अनेकौँ मनोवेगहरूलाई सन्तुलित गरेर मानसिक सङ्गठन प्राप्त गर्नु सत्कार्य हो। कलाको मूल्य यही मानसिक सन्तुलनसँग सम्बद्ध छ (सुवेदी, २०५४, पृ. २७०)। मनको सर्वोत्तम स्थिति त्यो हो जसमा सङ्घर्षरत सम्पूर्ण आवेगहरू परितुष्ट भई शान्त हुन्छन्, परन्तु यो दुर्लभ स्थिति हो। यस्तो स्थितिमा सम्बोधि घटित हुन्छ।

दोस्रो स्थिति त्यस्तो काव्यस्थिति हो जसमा एषणाहरूको अल्पतम सङ्घर्ष, दमन तथा नियमन हुन्छ ; जसमा थोरैभन्दा थोरै प्रतिस्पर्धी एषणाहरूलाई बाधित वा दमित गरेर धेरैभन्दा धेरै एषणाहरू नियोजित हुन्छन् ; अर्थात् न्यूनतम आवेग दमित भएर अधिकतम आवेग सन्तुष्ट हुन्छन् (गुप्त, २००३, पृ. १५६)। यसरी समान वा बढी महत्त्वपूर्ण मनोवेगलाई बाधित वा दमित नगरी धेरैभन्दा धेरै एषणा सन्तुष्ट हुन सक्नु नै काव्यको मूल्य हो अर्थात् मनका अधिकाधिक महत्त्वपूर्ण अधिकतम एषणाको सन्तुष्टिको स्थिति नै मूल्य हो। जुन मानसिकता जति ज्यादा सन्तुलित र सङ्गठित छ अनि कमभन्दा कम एषणा वा अनुभूति मात्र जहाँ विफल, परित्यक्त, बाधित वा दमित हुन्छन् त्यही मानसिकता नै बढी मूल्यवान् हुन्छ। यसरी रिचर्डसका विचारमा कविताको मूल्य त्यसले मान्छेको मनलाई प्रभावित गर्ने क्षमतामा निर्भर हुन्छ। जुन कविताले पाठक या श्रोताका मनलाई जति धेरै मात्रामा प्रभावित गर्न सक्छ जसमा सम्प्रेषणीयता (Communicability) जति धेरै हुन्छ त्यो कविता त्यति नै उत्कृष्ट हुन्छ (चौधरी र गुप्त, २०००, पृ. २९४)। रिचर्डसका दृष्टिमा मानवीय मन भनेको आवेग पुञ्जको व्यवस्था एवं क्रियाशीलता हो। हरेक मान्छेको आवेग पुञ्ज सधैँ स्थिर र एकनास रहँदैन। व्यक्तिपिच्छे भिन्नाभिन्नै मनोव्यवस्था हुन सक्छ र एउटै व्यक्तिका जीवनमा पनि विभिन्न

अवसरमा मनोव्यवस्थाको स्वरूप विभिन्न हुन्छ; अझ परिस्थिति र सन्दर्भको निरन्तर सम्भाव्य परिवर्तनले पनि मनोव्यवस्थामा प्रभाव पार्दै नयाँनयाँ सन्तुलन र सामञ्जस्यका लागि प्रेरित गरिरहन्छ। परिवर्तित परिस्थितिमा पनि उही मनोव्यवस्थामा टाँसिइरहने हो भने जीवन कष्टपूर्ण बन्नपुग्छ तथा परिस्थिति र सन्दर्भअनुरूप मनोव्यवस्थाको समायोजन, सन्तुलन र सामञ्जस्य मिलाउन सके कष्ट कम हुन्छ। त्यसैले मूल्य वा नैतिकता पनि विकासशील र गतिशील हुनुपर्छ। अतः मानवीय सम्भावनाको न्यूनतम व्यर्थता-विफलता र अधिकतम सामञ्जस्य, सन्तुलन र सफलता भएको मनोव्यवस्था नै आदर्श मनोव्यवस्था हो। यो कार्य बुद्धिमत्ताकै आधारमा गर्न सकिन्छ भन्ने कुरा औँल्याउँदै रिचर्डसले व्यक्ति मनोविज्ञानकै सन्दर्भमा मूल्यसिद्धान्तको स्थापना गरेका छन् (त्रिपाठी, २०५०, पृ. ३६०)। यसरी व्यक्तिगत नैतिकताले नै सामाजिक/सामूहिक नैतिकताको रूप ग्रहण गर्छ भन्ने बुद्धिवादी-मनोवादी नैतिकता नै रिचर्डसको जीवनमूल्यसम्बन्धी दृष्टिकोणका रूपमा देखा पर्छ।

रिचर्डसको मूल्य सिद्धान्त नीतिवाद र उपयोगितावादको सन्दर्भबाट पनि प्रभावित छ। यसो भए तापनि उनी रूढ नैतिकता-उपयोगिताभन्दा व्यक्तिसापेक्ष रूपमा एषणा वा आवेगको सन्तुष्टिमा विश्वास राख्छन् र यही एषणाका अपेक्षाअनुसार मूल्य, नीति वा उपयोगितासम्बन्धी दृष्टि पनि परिवर्तनशील तथा विकासशील हुन्छ भन्दछन्। आवेगको प्राथमिकताको स्थायी सूची बनाउन असम्भव छ भन्ने रिचर्डस व्यक्तिका अपेक्षाअनुसार आवेगको प्रथमिकता पनि परिवर्तनशील तथा विकासशील हुन्छ भन्ने ठान्दछन्। यसरी उनी रूढ नैतिकताभन्दा उदार मानवीय नैतिकताका पक्षमा देखिन्छन्। रिचर्डस कुनै पनि आवेग कुण्ठित हुँदा अन्य आवेगहरूद्वारा गरिएको बाधाको मात्राका आधारमा नै त्यस त्यस आवेगको महत्त्व र प्राथमिकता निर्भर हुन्छ भन्ने मान्दछन्। परन्तु मानिसको मनोदशा सबै ठाउँ र अवस्थामा सदा एकनास रहन सक्दैन। धेरैभन्दा धेरै आवेगहरूको अधिकतम सन्तुष्टि मनोव्यवस्थाको सङ्गठितताका मात्रामै निर्भर रहने र प्राथमिकता पनि परिवर्तशील तथा विकासशील रहने भएकाले यही नै सर्वोत्तम मनोव्यवस्था हो भनेर किट्न पनि सकिँदैन। जुन मनोव्यवस्थामा मानवीय सम्भावनाको न्यूनतम व्यर्थता र अधिकतम सार्थकता (सङ्गति र सन्तुलन) सम्भव हुन्छ त्यही मनोव्यवस्था नै सर्वोत्कृष्ट मनोव्यवस्था हो। रिचर्डस आवेगको दमन र परिहारका आधारमा मनोव्यवस्थाको उत्कृष्टता मान्दैनन् किनभने सदाचारी र दुराचारी दुवैथरिका मनोव्यवस्थामा आवेगहरूको दमन र परिहार हुन्छ। अतः सर्वोत्तम/आदर्श मनोव्यवस्थामा आवेगहरूको दमन र परिहारभन्दा सङ्गति, सन्तुलन, समन्विति वा समाहिति नै महत्त्वपूर्ण हुन्छ (त्रिपाठी, २०५०, पृ. ३७२)। यसरी रिचर्डस एषणाहरूको दमन वा उपभोगमा भन्दा सङ्गति, सन्तुलन, समन्विति वा समाहितिमा जोड दिन्छन्।

कलाको मूल्य त्यसले मानवीय आवेगहरूमा कति सङ्गति र सन्तुलन स्थापित गर्न सक्दछ तथा त्यसले अनुभूतिहरूको क्षेत्रलाई कति व्यापक बनाउन सक्दछ भन्ने कुरामा नै निर्भर रहन्छ। रिचर्डसका दृष्टिमा साहित्यको प्रयोजन एक यस्तो मनःस्थिति उत्पन्न गर्नु हो, जसमा आवेगहरूको सङ्गति, सन्तुलन र सामञ्जस्यका साथै बाह्य क्रियाकलापका लागि तत्परता पनि पैदा होओस्। यसलाई पौरस्त्य रससिद्धान्तसँग जोडेर हेर्दा रसदशा (काव्यानन्दको अवस्था) को मनोवैज्ञानिक व्याख्या भन्न सकिन्छ। रिचर्डसको मूल्य सिद्धान्त काव्यको प्रभाव र प्रयोजनका सम्बन्धमा प्रतिपादित सिद्धान्त हो। मूल्य सिद्धान्तलाई सङ्क्षिप्त रूपमा निम्नलिखित बुँदाहरूद्वारा पनि सङ्केत गर्न सकिन्छ :

कला पनि अन्य मानवीय क्रियाकलापहरूभन्दा भिन्न नभएर तिनीहरूसँग नै सम्बद्ध हुन्छ। मानवीय क्रियाकलापहरूमध्ये सर्वाधिक महत्त्वपूर्ण कार्य कला हो। कुनै पनि मानवीय क्रियाकलापको मूल्य त्यसले मानवीय मनोवेगहरूमा कतिसम्म सङ्गति, सन्तुलन र सुव्यवस्था उत्पन्न गर्न सक्छ, त्यसले कतिसम्म मानवीय अनुक्रियाहरू(Responses) को उन्नयन गर्न सक्छ र अभिवृत्ति (Attitude) को निर्माण गर्न सक्छ भन्ने कुरामा निर्धारित हुन्छ। कलाका माध्यमबाट भएको आवेगहरूको सङ्गति, सन्तुलन र सामञ्जस्य केवल कलास्वादका समयमा मात्र सीमित नरहेर लामो समयसम्म रहिरहन्छ अर्थात् कलाबाट प्राप्त मुक्त अनुक्रियाहरू(Responses)को परिणाम निरन्तर रहिरहन्छ।

रिचर्डसका काव्य सिद्धान्तहरूको एउटा महत्त्वपूर्ण र आधारभूत विशेषता विषयीनिष्ठता (Subjectiity) हो। उनी सौन्दर्यलाई वस्तुको धर्म मान्दैनन्। रिचर्डसको भनाइ के छ भने जब हामी कुनै वस्तुलाई 'फलानो वस्तु सुन्दर छ' भन्छौँ हामी उक्त वस्तुमाथि आफ्नो मनःस्थितिको प्रक्षेपण गर्दछौँ। त्यसैले रिचर्डसले 'सौन्दर्य' शब्दको सट्टा 'अनुभूतिको मूल्य' पदावलीको प्रयोग गरेका छन्। उनले मूल्यको सत्ता उद्दीपन (Stimulus) मा नमानेर अनुक्रियाहरू (Responses) मा मानेका छन्। जान क्रो रेन्सम र थियोडोर मेयर ग्रीनजस्ता समालोचकहरूले रिचर्डसको यस मान्यताको आलोचना पनि गरेका छन्। उनीहरूको भनाइ के छ भने रिचर्डसको यस मान्यतालाई स्वीकार गर्ने हो भने काव्यवस्तुको चयन नै निरर्थक हुनजान्छ। स्वयं रिचर्डसले पनि कतिपय प्रसङ्गमा उद्दीपक वस्तुमा सौन्दर्यको गुण स्वीकार गरेका छन्। उनले गरेको त्रासदीको प्रशंसा वस्तुगत विशेषतालाई पनि उनी स्वीकार गर्दथे वा महत्त्व दिन्थे भन्ने कुराको प्रमाण हो (गुप्त, २००३, पृ. १५७)। सुन्दर वस्तुले सौन्दर्यभोगीमाथि पार्ने गहन प्रभावबाट पनि सौन्दर्यको विषयगतता पुष्टि हुन्छ। सौन्दर्य भनेको यस्तो विशेषता हो जुन भिन्नभिन्न वस्तुरूमा भिन्नभिन्न मात्रामा पाइन्छ। बुद्धको ध्यानस्थ मूर्तिमा र शहिद स्मारकका शहिदका शालिकमा पाइने सौन्दर्यको मात्रा र किसिममा अन्तर हुन्छ। शृङ्गारादि विविध रसका कवितामा पाइने सौन्दर्यमा पनि विविधता हुन्छ। बोके झारको फूलभन्दा गुलाबको फूल निश्चय नै अधिक सुन्दर हुन्छ। अतः सौन्दर्यको सत्ता न पूर्णतः विषयीगत मान्न सकिन्छ न त पूर्णरूपमा विषयगत मान्न सकिन्छ। वास्तवमा सौन्दर्यको सत्ता विषयीगत मान्ने तथा विषयगत मान्ने दुवै मतमा आंशिक सत्यता मात्र हुन्छ।

**६.रिचर्डसको सम्प्रेषण सिद्धान्त**

रिचर्डसको अर्को महत्त्वपूर्ण सिद्धान्त सम्प्रेषण सिद्धान्त हो। यसको सम्बन्ध मूल्य सिद्धान्तसँग रहेकाले यसलाई मूल्य सिद्धान्तको परिपूरक सिद्धान्तका रूपमा पनि लिने गरिन्छ। सम्प्रेषण शब्द अङ्ग्रेजी Communication को नेपाली रूपान्तरण हो र यसको अर्थ सञ्चार हो। सञ्चारको अर्थ कुनै एक व्यक्तिबाट अर्को व्यक्तिसमक्ष कुनै भाव-विचार, समाचार वा कुनै वस्तु पठाउने कार्यलाई सम्प्रेषण भन्न सकिन्छ। सम्प्रेषित गर्न खोजिएको भाव-विचार बोधगम्य बनाउने प्रक्रिया नै सम्प्रेषण हो। सम्प्रेषण प्रक्रियामा वक्ता/सम्बोधक/प्रेषक, श्रोता/सम्बोधित/प्रापक र माध्यम/विषय आवश्यक हुन्छन्। सम्प्रेषणका लागि सङ्केत, सङ्गीत, चित्र आदि विविध माध्यम रहे पनि सर्वाधिक शक्तिशाली माध्यम भाषा नै हो। सबै मान्छेमा माया-प्रेम, हर्ष, घृणा, ईर्ष्या, द्वेष, भय आदि भावहरूका साथै विचार र अनुभूतिहरू पनि हुन्छन् परन्तु सबैले समान रूपमा यिनको सम्प्रेषण गर्न सक्दैनन्। प्रतिभाशाली साहित्यकारले चाहिँ आफ्ना अनुभूतिहरूलाई भावक/पाठकले पनि आफ्नै अनुभूतिसरह अनुभूत गर्ने गरी सम्प्रेषण गर्न सक्दछन्। यस्तो अभिव्यञ्जना सामर्थ्य भएको प्रतिभाशाली कवि व्यक्तित्वबाट गरिने प्रभावकारी अभिव्यञ्जनालाई नै सम्प्रेषण भनिन्छ। यस्तो सफल सम्प्रेषणका लागि अनुभूतिको तीव्रता, समुचित सङ्गठनसामर्थ्य र माध्यमको विशिष्ट प्रयोग आवश्यक हुन्छ (लुइटेल, २०६८, पृ. ७५)। यसरी कविको भाव-विचार वा अनुभूति भावक-पाठकसमक्ष पुग्ने वा पुऱ्याउने प्रक्रिया नै सम्प्रेषण हो भन्ने बुझिन्छ।

उद्दीपन (Stimulus) र अनुक्रिया (Response) का आधारमा साहित्य सिद्धान्तको व्याख्या गर्ने रिचर्डसका साहित्य सिद्धान्तहरूमा सम्प्रेषण सिद्धान्त पनि महत्त्वपूर्ण सिद्धान्त हो। कलाकृति मूल्यवान् अनुभूतिबाट मात्र पूर्ण हुँदैन, त्यसमा सम्प्रेषण क्रियाको सफलता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। कलाकृति मूल्यहीन अनुभूतिबाट मात्र होइन असफल सम्प्रेषण क्रियाबाट पनि कमजोर बन्न पुग्छ भन्ने दृष्टिकोण राख्ने रिचर्डस कलाकृतिको सफलतालाई अनुभूतिको मूल्यवत्ता र सम्प्रेषणको सफलताको दोहोरो मापदण्डका आधारमा हेर्नुपर्ने कुरा औँल्याउँछन्। रिचर्डसका दृष्टिमा मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्त त्यस्ता दुई स्तम्भ हुन् जसका आधारमा समालोचनाको महल प्रतिष्ठित हुन्छ। (त्रिपाठी, २०५०, पृ. ३७७)। अतः कलाकृतिको मूल्याङ्कन पनि मूल्य र सम्प्रेषण दुवैका सबलता-दुर्बलताका आधारमा गर्नु आवश्यक हुन्छ।

सम्प्रेषणका सम्बन्धमा रिचर्डस आफ्ना पूर्ववर्ती चिन्तक इटालीका बीसौँ शताब्दीका आत्मवादी दार्शनिक, सौन्दर्यशास्त्री तथा शैली वैज्ञानिक सिम्नर बेनेडेट्टो क्रोचे (१८६६-१९५२) भन्दा नितान्त भिन्न देखा पर्छन्। क्रोचे सम्प्रेषणलाई अनिवार्य नमानेर व्यावहारिक तथ्य मान्दछन्। क्रोचेका विचारअनुसार कुनै अनुभूतिलाई सुरक्षित राख्न तथा

त्यसको प्रचार-प्रसार गर्ने उद्देश्यबाट नै कलाकारले आफ्ना अनुभूतिलाई सम्प्रेषण गर्दछ। यसका विपरीत रिचर्डस सम्प्रेषणलाई कलाभन्दा पृथक नमानेर कलातात्त्विक गुण मान्दछन्। रिचर्डसको तर्क के छ भने मनुष्य सामाजिक प्राणी भएकाले उसले सामाजिक मनको विकास गरेको छ। त्यसैले मानिसले जे गर्दछ चेतन या अचेतन रूपमा अरूसँग पनि निवेदित गर्दछ। अतः मानिसले सौन्दर्यानुभूति एवं सौन्दर्यगत भावहरूलाई पनि अरूप्रति निवेदित गर्दछ। सौन्दर्यानुभूति तथा सौन्दर्यगत भावहरू पनि केवल मनका आन्तरिक क्रिया मात्र नरहेर अरूप्रति सम्प्रेषित हुनुपर्दछ। यद्यपि सम्प्रेषणका लागि कलाकार सजगतापूर्वक कुनै पृथक प्रयत्न गर्दैन तथापि कलालाई समुचित रूपमा प्रस्तुत गर्ने प्रक्रियामा सम्प्रेषणका गुण स्वयमेव उपस्थित हुन्छन् (गुप्त, २००३, पृ. १६१)। यसरी रिचर्डस सम्प्रेषणलाई कलात्मक क्रियाशीलताका निम्ति आवश्यक तत्त्व मान्दछन्।

कलाकार जे कुरा प्रस्तुत गर्न चाहन्छ त्यो कुरा वास्तवमा प्रस्तुत भयो कि भएन भन्ने कुरा पनि कलाको सफलताको एउटा मापदण्ड हो। रिचर्डसका विचारमा मानवीय सभ्यताको हजारौँ वर्षको अभ्यासका क्रममा मान्छेको मनको स्वरूप सम्प्रेषणमूलक भएर नै विकसित हुँदै आएको छ। सर्वदा सम्प्रेषण प्रक्रियामा संलग्न रहँदारहँदै मान्छेको मन सम्प्रेषणशीलताका आधारमा विकसित हुँदै आएको छ। अतः मानवीय मनका विशिष्ट प्रवृत्तिहरूमध्ये सम्प्रेषणात्मकता प्रमुख हो र अझ स्पष्ट भन्नुपर्दा मानव-विकासका सन्दर्भमा मावीय मन सम्प्रेषण-संयन्त्रजस्तै बन्न गएको छ (त्रिपाठी, २०५०, पृ. ३७८)। रिचर्डसका अनुसार सम्प्रेषण तब घटित हुन्छ जब एक मनले आफ्नो परिवेशप्रति यसरी प्रतिक्रिया व्यक्त गर्छ जसबाट अर्को मन प्रभावित हुन्छ। यस्तो अवस्थामा अर्को मनमा पनि प्रथम मनका कारण प्रथम मनका समान नै अनुभूति उत्पन्न हुन्छ। यसका निम्ति वक्तासँग विशिष्ट प्रकारको सम्प्रेषण-सामर्थ्य र श्रोतासँग पनि त्यस्तै किसिमको ग्रहण-सामर्थ्य आवश्यक हुन्छ। जहाँ वक्ताले नै श्रोताको अनुभूतिका लागि आवश्यक सम्पूर्ण उपादानहरू जुटाइदिनुपर्छ; श्रोतासँग केही यस्ता विगतका अनुभवहरू हुन्छन् जो उसका वर्तमान अनुभूतिका लागि नितान्त अनपेक्षित हुन्छन् र वर्तमान अनुभूतिलाई बाधित गर्दछन् भने यस्तो अवस्थामा सम्प्रेषण कठिन हुन्छ।

वक्ताका सम्प्रेषित हुनुपर्ने अनुभूतिहरू भावकका अनुभूतिहरूसँग जति धेरै मात्रामा असमान हुन्छन् सम्प्रेषणको विफलताको मात्रा त्यति धेरै हुन्छ र जति धेरै मात्रामा समान हुन्छन् सम्प्रेषणको सफलताको मात्रा त्यति धेरै हुन्छ। अब त्यस्ता कुन कुन गुण/विशेषताहरू हुन् जसले कलाकारलाई सफल निवेदन/सम्प्रेषण गर्न मद्दत गर्दछन् भन्ने प्रश्न उठ्छ। यस सन्दर्भमा रिचर्डस कलाकारका अनुभूति अधिक विस्तृत एवं मूल्यवान् हुनुपर्ने कुरा औँल्याउँछन्। यसका साथै कलाकार स्वतन्त्ररूपले ती अनुभूतिहरूका विभिन्न तत्त्वहरूबीच सम्बन्ध स्थापित गर्न सक्षम हुनुका साथै अतीतलाई मानसमा स्वतन्त्ररूपले पुनःप्रस्तुत गर्न आफ्नो पूर्णकालीन मनोदशाको उपलब्धि हासिल गर्ने सामर्थ्य हुनुपर्दछ। अनुभूतिका क्षणमा रचनाकारका आवेगहरू(Impulses) अत्यधिक क्रियाशील हुन्छन्; यस्तो अवस्थामा रचनाकारले आफ्ना यी भिन्न भिन्न आवेगहरूलाई व्यवस्थित एवं सङ्गठित गर्नुपर्दछ। वस्तुस्थितिको पूर्ण बोधका लागि रचनाकारमा जागरूक निरीक्षण-शक्ति अर्थात् सजगतापूर्वक निरीक्षण गर्ने सामर्थ्य पनि आवश्यक हुन्छ। जब भावक-पाठकले रचनाकारको सन्तुलित मनको आभास पाएर त्यसलाई आत्मसात् गरी मनोवेगहरूलाई सन्तुलित गर्छ तब सम्प्रेषणको अन्तिम आयाम पूर्ण हुन्छ (सुवेदी, २०५४, पृ. २७२)। सफल सम्प्रेषणका लागि कलाकार र भावकका आवेगका साथै विभाव (Stimuli) पनि समान हुनुपर्छ परन्तु जहाँ जहाँ कलाकार र भावकका आवेग तथा विभावमा अन्तर हुन्छ त्यहाँ कल्पनाका सहयोगबाट तिनीहरूलाई सम्प्रेषणीय बनाउनुपर्दछ। यसका लागि कलाकारमा प्रभावकारी अभिव्यञ्जन-सामर्थ्य आवश्यक हुन्छ।

रिचर्डसले सम्प्रेषणसँग सम्बन्धित मूल्यहीन अनुभूतिको निर्दोष सम्प्रेषण र मूल्यवान् अनुभूतिको सदोष सम्प्रेषण गरी दुई दोषहरूको पनि चर्चा गरेका छन् जसबाट काव्यकृतिका सम्प्रेषण पक्ष र मूल्य पक्ष पृथक भएको तथ्य पनि स्पष्ट हुन्छ। सम्प्रेषणको तात्पर्य अनुभूतिको यथावत् स्थानान्तरण अथवा कुनै दुई वा बढी व्यक्तिका बीचमा अनुभूतिको पूर्ण एकत्व हुनु नभएर खास परिस्थितिमा भिन्न व्यक्तिहरूका मनका अनुभूतिहरूमा यथासम्भव समानता हुनु हो। जब परिवेशजन्य कारणबाट कुनै मन क्रियाशील हुन्छ तब त्यसबाट अर्को मन पनि प्रभावित हुन्छ र दोस्रो मनको अनुभूति पनि

पहिलो मनको अनुभूति सदृश हुन्छ तथा पहिलो मनको अनुभूतिबाट अभिप्रेरित पनि हुन्छ। यस्तो अवस्थामा दुवै मनका अनुभूति न्यूनाधिक मात्रामा समान हुन्छन् र दोस्रो मनको अनुभूति न्यूनाधिक रूपमा पहिलो मनको अनुभूतिमा आधारित हुन्छ। यसरी सम्प्रेषण-प्रक्रियामा निम्नलिखित अवस्थाहरू देखापर्छन् :

परिवेशजन्य कारणबाट कुनै मन क्रियाशील हुने,

त्यो मनको अनुभूतिबाट अर्को मन पनि प्रभावित हुने,

दोस्रो मनको अनुभूति पनि पहिलो मनको अनुभूतिसदृश हुने,

दोस्रो मनको अनुभूति पनि पहिलो मनको अनुभूतिबाट अभिप्रेरित हुने,

दोस्रो मनको अनुभूति स्वतन्त्र रूपमा उत्पन्न नभई पहिलो मनको अनुभूतिको प्रभावबाट उत्पन्न भएकाले पहिलो अनुभूति उत्पादक र दोस्रो मनको अनुभूतिलाई उत्पाद्यका रूपमा बुझ्न सकिने,

दोस्रो मनको अनुभूति न्यूनाधिक मात्रामा पहिलो मनको अनुभूतिमा आधारित हुने,

दुवै मनका अनुभूति न्यूनाधिक मात्रामा समान हुने

अनुभूतिगत समानताको मात्राका आधारमा नै सम्प्रेषणको सफलताको मात्रा आधारित हुन्छ। अनुभूतिको समानता रचनाकारको प्रेषण-सामर्थ्य, भावक-पाठकको ग्रहण सामर्थ्य, उनीहरूको संस्कार, शिक्षा, जीवनशैली, परिवेश आदि कुरामा पनि आधारित हुन्छ। रचनाकारमा विशिष्ट अभिव्यक्ति-सामर्थ्य र भावक-पाठकमा विशिष्ट सहृदयता/ग्रहणशीलता नभएमा सम्प्रेषण असफल वा कमजोर हुन्छ। (लुइटेल, २०६८, पृ. ७६)। यसरी हेर्दा सम्प्रेषण सिद्धान्त पौरस्त्य रस सिद्धान्तको साधारणीकरण व्यापारसँग तुलनीय देखिन्छ।

रिचर्डले सम्प्रेषण सिद्धान्तको स्थापनालाई सबल बनाउन आफ्नो *Principles of Literary Criticism* (1924) नामक कृतिमा सम्प्रेषणसँग सम्बद्ध विभिन्न पक्षमध्ये अलि जटिल लाग्ने 'अतीतको सुलभता' र 'सामान्यात्मकता र त्यसको मानक' सम्बन्धी मान्यता पनि प्रस्तुत गरेका छन्। उनले कलाकारको विशिष्ट क्षमताका रूपमा 'अतीतको सुलभता'को सिद्धान्त प्रस्तुत गरेका छन्। अतीतको सुलभता भनेको मूलतः मूल्यवान् अनुभूतिहरूको सञ्चय र सम्प्रेषणको प्रक्रिया नै हो। उनले कलाकारको अर्को विशिष्ट क्षमताका रूपमा सामान्यात्मकता र त्यसको मानकको चर्चा पनि गरेका छन्। सम्प्रेषणको सफलताका लागि कलाकार र भावकका आवेगका बीचमा आधारभूत समानता पनि अपेक्षित हुने र प्रायः सबै व्यक्तिहरूमा सञ्चारित हुने खालका सामान्य वा एकरूप आवेगको सम्प्रेषण आवश्यक हुन्छ भन्दै सामान्यात्मकताको अभिप्राय प्रस्ट्याएका छन्। कलाकारका अनुभूति अत्यन्त वैयक्तिक भएमा वा तिनलाई सामान्यात्मक तुल्याउन नसकेको अवस्थामा सम्प्रेषण कमजोर हुने कुरा औँल्याएका छन्। उनका दृष्टिमा मूल्यवत्ता नै सामान्यात्मकताको मानक हो। मूल्य र सम्प्रेषणको दाहोरो व्यवस्थालाई अपनाउँदै उनले मूल्यवान् अनुभूति नभएका कृतिलाई खराब र सम्प्रेषणमा विफल कृतिलाई दोषपूर्ण ठहऱ्याएका छन्। पाठक-भावक साहित्यकारजति व्युत्पत्तिसम्पन्न, बहुश्रुत तथा बहुविज्ञ नभएको स्थितिमा पनि सम्प्रेषणमा कठिनाइ आइपर्ने र सम्प्रेष्यता कमजोर हुने अवस्था आउन सक्छ परन्तु यस्ता कृतिको मूल्य भने उच्च पनि हुनसक्छ। सम्प्रेषणका दृष्टिले कृति प्रभावकारी हुनाको प्रमुख कारण रूपतात्त्विक विशेषता रहे पनि कहिलेकाहिँ नयाँ सामाजिक अभिवृत्तिका विकासले उच्च मूल्यकाकृति पनि कम लोकप्रिय हुन सक्छन्।

**७. रिचर्डसको कल्पना सिद्धान्त**

रिचर्डसका अनुसार कल्पना मनको कुनै रहस्यमय क्रिया नभएर मनका अन्य क्रियाहरूजस्तै स्वाभाविक क्रिया हो। बाहिरी उत्तेजक कारणहरूको अभाव भए पनि केही आवेगहरू सक्रिय भएपछि अन्य आवेगहरू पनि जागृत हुन्छन्। यिनै आवेगहरूलाई रिचर्डस कल्पना मान्दछन्। पूर्व अनुभवका समयमा जुन आवेगहरू उत्पन्न भएका थिए तिनीहरूमध्ये

केही आवेगहरू वर्तमान समयमा पनि उत्पन्न हुन्छन् । रिचर्डस यस्ता आवेगहरूलाई आवृत्यात्मक (Repetitive) कल्पना भन्दछन् । जुन आवेगहरू वर्तमान परिस्थितिका कारण उत्पन्न हुन्छन् तिनीहरूलाई उनी रूपात्मक (Formative) कल्पना भन्दछन् ।

रिचर्डसले कल्पनाका छ प्रकारका प्रचलित अर्थको चर्चा गरेका छन् । पहिलो अर्थमा कल्पना सुस्पष्ट चाक्षुष विम्बहरूको उत्पादक मानिन्छ । दोस्रो अर्थमा कल्पनाको सम्बन्ध आलङ्कारिक भाषाको प्रयोगसँग छ । सामान्यतः जुन साहित्यकारहरू अलङ्कारहरूका माध्यमबाट आफ्ना भाव-विचारहरू व्यक्त गर्छन् तिनीहरूलाई कल्पनाशील साहित्यकार भन्ने गरिन्छ । साहित्यकारले अलङ्कारको प्रयोग गर्दा कल्पना शक्तिले भावाभिव्यक्तिमा सहयोग पुऱ्याउँछ । तेस्रो अर्थमा जुन लेखक वा पाठकले अरू मानिसहरूका मनोवेगहरूलाई सहानुभूतिपूर्वक पुनः प्रस्तुत गर्नसक्छ त्यस लेखक वा पाठकलाई कल्पनाशील भनिन्छ । चौथो अर्थमा त्यस्तो युक्तिकौशललाई कल्पना भनिन्छ जसका सहायताले कल्पनाशील व्यक्तिले सामान्यतः एकअर्कासँग नमिल्ने विपरीत तत्त्वहरूका बीचमा पनि सामञ्जस्य एवं सन्तुलन उत्पन्न गरिदिन्छ । पाँचौँ अर्थमा कल्पना मूलतः भिन्न/पृथक प्रतीत हुने वस्तुहरूका बीचमा उचित सम्बन्धको स्थापना गर्नु हो । यस क्रियामा कल्पनाले अनुभवलाई निर्णित ढङ्गबाट निर्णित उद्देश्यका लागि व्यवस्थित गरिदिन्छ । कल्पनाका चमत्कारबाट नै रचना-कौशलका उत्कृष्ट उदाहरणहरू मानिसका सामु प्रस्तुत हुने गर्छन् (गुप्त, २००३, पृ. १६१-६२) । यस पाँचौँ अर्थको संलग्नता वैज्ञानिकता, अनुभूतिव्यवस्था र रूपपक्षसँग रहेको देखिन्छ ।

कल्पनाका यी पाँचओटै अर्थहरूबाट रिचर्डस सन्तुष्ट छैनन् किनभने कल्पनाका यी पाँचओटै अर्थहरू कलासाहित्यको मूल्यको व्याख्या गर्न असफल छन् । त्यसैले उनी कल्पनाको छैटौँ अर्थका रूपमा कलरिजको कल्पना सिद्धान्तलाई नै प्रस्तुत गर्दछन् । उनी कलरिजको *वायोग्राफिया लिट्रेरियाः वायोग्राफिकल स्केचेज अफ माइ लिट्रेरी लाइफ एण्ड ओपिनियन (Biographia Literaria M Biographical Sketches of My Literary Life and Opinions)* को तेह्रौँ परिच्छेदमा कल्पनाको मौलिक र चित्तबुझ्दो प्रतिपादन देख्छन् । उनी भन्छन्ः छैटौँ अर्थमा कल्पना त्यो संश्लेषणात्मक जादूपूर्ण शक्ति हो, जसले विपरीत, विरुद्ध, विस्वर वा विसंवादी मनोवेग तथा अनुभवहरूका बीचमा सन्तुलन उत्पन्न गर्छ । उनी त्रासदीको दृष्टान्त दिँदै के भन्छन् भने त्रासदीमा करुणा र त्रासजस्ता विपरीत प्रवृत्तिहरू जागृत हुन्छन् । करुणामा हामी आकर्षित हुन्छौँ भने त्रासमा हामी विकर्षित हुन्छौँ । त्रासदी किन मूल्यवान् काव्य हो भने यसमा यी दुवै विपरीत प्रवृत्तिहरूलाई एकसाथ उपस्थित गराइन्छ । यसरी रिचर्डस कल्पनाका उपर्युक्त छ भेदहरूमध्ये अन्तिम छैटौँ भेदलाई सर्वोच्च मान्छन् जसले विरुद्ध वा विसंवादी तत्त्व/गुणहरूबीच सन्तुलन/समन्वय कायम गर्छ । कल्पनाद्वारा कवि ती मनोवेग/आवेगहरूलाई पनि व्यवस्थित तथा सन्तुलित तुल्याउँछ जुन एकदिशामा समानान्तर रूपमा प्रवाहित हुन्छन्; अनि ती मनोवेग/आवेगहरूलाई पनि व्यवस्थित तथा सन्तुलित तुल्याउँछ जुन परस्पर विरोधी भएकाले विपरीत दिशामा प्रवाहित हुन्छन् (चौधरी र गुप्त, २०००, पृ. २९९) । यसरी रिचर्डस कल्पनाको मूल कार्य विम्ब-निर्माण नमानेर विरोध-परिहार मान्दछन् ।

सृजनाका क्षणमा कविलाई उसका जीवनभरका अनुभूतिहरू सुलभ हुन्छन्, कविले निर्माण गर्न सक्ने अनुक्रिया स्वयंमा पूर्ण हुन्छन् तथा कविले ग्रहण गर्न सक्ने उद्दीपन-क्षेत्र व्यापक छ भन्ने आफ्ना स्थापनाको आधार लिएर रिचर्डस सामान्य मानिस एक दशमांश आवेग मात्रै धारण गरी नव-दशमांस आवेग/अनुभूतिलाई दमन गर्न बाध्य हुन्छ भने कवि दश-दशमांस आवेगकै धारण गर्न सक्छ भने भन्ने कुरा औँल्याउँछन् । सामान्य मानिस आफ्ना समस्त अनुभूतिको व्यवस्थापन गर्न सक्दैन भने कवि क्रमविधानको उच्चतम शक्तियुक्त भएकाले नव-दशमांश आवेग/अनुभूतिको दमन गर्नुपर्ने अवस्थाबाट मुक्त हुन्छ । प्रतिभाशाली कविमा आवेगहरूको व्यवस्थापन र क्रमविधानको उच्चतम सामर्थ्य हुने भएकाले परस्पर हस्तक्षेपकारी, विकर्षक तथा सङ्घर्षशील आवेगहरूले पनि स्थायी विश्रान्ति पाउँछन् । कविता सृजनाका क्षणमा कविले निश्चय नै आफ्ना अनुभूतिहरूमध्येबाट आवश्यक अनुभूतिहरू छनोट गर्छ तथापि सामान्य मानिसका दाँजोमा कविमा दमन गर्नुपर्ने आवेगको दायरा निकै सानो रहन्छ (त्रिपाठी, २०५०, पृ. ४६६) । यसरी रिचर्डसको दृष्टि

सामान्य मानिस एक दशमांश आवेग मात्रै धारण गरी नव-दशमांस आवेग/अनुभूतिलाई दमन गर्न बाध्य हुन्छ र कवि दश-दशमांस आवेगकै धारण गर्न सक्छ भन्ने रहे पनि यस दृष्टिलाई पूर्ण रूपमा स्वीकार गर्न सकिँदैन किनभने कविमा आवेगहरूको व्यवस्थापन र क्रमविधानको सामर्थ्य उच्च हुने भएकाले परस्पर हस्तक्षेपकारी, विकर्षक तथा सङ्घर्षशील अधिकांश आवेगहरूले पनि अवश्य विश्रान्ति पाउन सक्छन् परन्तु दश-दशमांस आवेगहरूले नै स्थायी विश्रान्ति पाउन स्थितप्रज्ञ हुनैपर्छ, अन्यथा दश-दशमांस आवेगहरूको स्थायी विश्रान्ति सम्भव नै हुँदैन। जे होस्, कलाका सन्दर्भमा अस्तव्यस्त आवेगहरूलाई व्यवस्थित एवं क्रमबद्ध अनुक्रियाका रूपमा समाहित गर्नु नै कल्पनाको कार्य हो। यसरी कलरिजले औँल्याएको विपरीत, विसंवादी वा विस्वर तत्त्वहरूका बीचमा सन्तुलन, समाहितिको सङ्गीतात्मक आनन्दको चेतना रिचर्डसको सिद्धान्तसँग पनि मिल्न जान्छ।

कलरिजको कल्पना सिद्धान्त र आफ्नै विपरीत, विसंवादी वा विस्वर आवेगको सन्तुलन, सामञ्जस्य तथा समाहितिसम्बन्धी मूल्य सिद्धान्तको व्याख्याका निम्ति सर्वोत्कृष्ट उदाहरणका रूपमा रिचर्डस दुःखान्त नाटकलाई ग्रहण गर्दछन् किनभने त्रास र करूणाजस्ता परस्पर विपरीत आवेगहरूको सन्तुलन, सामञ्जस्य तथा समाहिति यति समृद्ध रूपमा अन्यत्र भेटिँदैन। यसरी कल्पना सिद्धान्तमा मूल्यवादी रिचर्डस, कल्पनावादी कलरिज र विरेचनवादी अरिस्टोटलजस्ता तीन महान् चिन्तकहरूको सैद्धान्तिक मिलन हुन्छ।

**८.निष्कर्ष**

मनका धेरैभन्दा धेरै महत्त्वपूर्ण अधिकतम एषणा, अनुभूति वा आवेगहरूको सन्तुष्टिको स्थिति नै मूल्य हो र जुन मनोव्यवस्था जति धेरै सन्तुलित, सङ्गठित तथा व्यवस्थित छ अनि थोरैभन्दा थोरै एषणा, अनुभूति वा आवेगहरू विफल, परित्यक्त वा दमित हुन्छन् त्यही मनोव्यवस्था नै मूल्यवान् हुन्छ भन्ने मूल्यसूत्रमा आधारित मूल्यसिद्धान्तद्वारा नै कलाकृतिको मूल्यान्वेषण, मूल्यनिर्धारण वा समालोचना गर्न सकिन्छ भन्ने कुरा नै मूल्य सिद्धान्तको सार हो। रिचर्डस दुर्जनका मनोव्यवस्थामा अधिकांश उदात्त एषणा, अनुभूति वा आवेगहरूको दमन र सज्जनका मनोव्यवस्थामा पनि कतिपय नैषर्गिक एषणा, अनुभूति वा आवेगहरूको दमन हुन्छ। अतः आन्तरिक सन्तुलनका कारण थोरैभन्दा थोरै एषणा, अनुभूति वा आवेगहरू विफल, परित्यक्त, दमित वा वर्जित हुने हुँदा कलाकारकै मनोव्यवस्थालाई उच्चतम ठान्दछन्। यस अर्थमा उनी मध्यमार्गी देखिन्छन् र कलाका सन्दर्भमा कलालाई सर्वोच्च मनको सर्वात्तम क्षणको सञ्चिति ठान्ने उनको यो दृष्टिकोण समीचीन नै रहे पनि दश-दशमांस आवेगहरूको स्थायी विश्रान्तिको स्थितिको प्राप्ति प्रज्ञामा स्थित नरहेसम्म अर्थात् पूर्ण रूपमा साक्षी वा स्थितप्रज्ञ नबनेसम्म सम्भव नै हुँदैन भन्ने कुरामा उनी अनभिज्ञ नै देखिन्छन्।

रिचर्डले सम्प्रेषण सिद्धान्तको स्थापनालाई सबल बनाउन आफ्नो *Principles of Literary Criticism* (1924) नामक कृतिमा सम्प्रेषणसँग सम्बद्ध विभिन्न पक्षमध्ये अलि जटिल लाग्ने 'अतीतको सुलभता' अनि 'सामान्यात्मकता र त्यसको मानक' सम्बन्धी मान्यता पनि प्रस्तुत गरेका छन्। उनले कलाकारको विशिष्ट क्षमताका रूपमा 'अतीतको सुलभता'को सिद्धान्त प्रस्तुत गर्दै अतीतको सुलभता भनेको मूलतः मूल्यवान् अनुभूतिहरूको सञ्चय र सम्प्रेषणको प्रक्रिया नै हो भन्ने कुरा प्रस्ट्याएका छन्। उनले कलाकारको विशिष्ट क्षमताका रूपमा सामान्यात्मकता र त्यसको मानकको चर्चा गर्दै सम्प्रेषणको सफलताका लागि कलाकार र भावकका आवेगका बीचमा आधारभूत समानता पनि अपेक्षित हुने र प्रायः सबै व्यक्तिहरूमा सञ्चारित हुने खालका सामान्य वा एकरूप आवेगको सम्प्रेषण आवश्यक हुने कुरा औँल्याएका छन्। कलाकारका अनुभूति अत्यन्त वैयक्तिक भएमा वा तिनलाई सामान्यात्मक तुल्याउन नसकेको अवस्थामा सम्प्रेषण कमजोर हुने कुरा औँल्याउँदै मूल्यवत्ता नै सामान्यात्मकताको मानक भएको कुरा प्रस्ट पारेका छन्। मूल्य र सम्प्रेषणको दोहोरो व्यवस्थालाई अपनाउँदै मूल्यवान् अनुभूति नभएका कृतिलाई खराब र सम्प्रेषणमा विफल कृतिलाई दोषपूर्ण ठहऱ्याएका छन्। उनी पाठक साहित्यकारजति व्युत्पत्तिसम्पन्न, बहुश्रुत तथा बहुविज्ञ नभएको स्थितिमा सम्प्रेषणमा कठिनाइ आइपर्ने र सम्प्रेष्यता कमजोर हुने अवस्था आउन पनि सक्छ परन्तु यस्ता कृतिको मूल्य भने उच्च पनि

हुनसक्छ भन्छन् । सम्प्रेषणका दृष्टिले कृति प्रभावकारी हुनाको प्रमुख कारण रूपतात्त्विक विशेषता रहे पनि कहिलेकाहिँ नयाँ सामाजिक अभिवृत्तिका विकासले उच्च मूल्यका कृति पनि कम लोकप्रिय हुन सक्ने कुरा पनि औँल्याउँछन् ।

रिचर्डसका दृटिमा कल्पना भनेको त्यस्तो संश्लेषणात्मक शक्ति हो, जसले विरुद्ध वा विसंवादी तत्त्व/गुणहरूबीच सन्तुलन/समन्वय कायम गर्छ । कल्पनाद्वारा कवि ती मनोवेग/आवेगहरूलाई पनि व्यवस्थित तथा सन्तुलित तुल्याउँछ जुन एकदिशामा समानान्तर रूपमा प्रवाहित हुन्छन्; अनि ती मनोवेग/आवेगहरूलाई पनि व्यवस्थित तथा सन्तुलित तुल्याउँछ जुन परस्पर विरोधी भएकाले विपरीत दिशामा प्रवाहित हुन्छन् । यसरी अस्तव्यस्त आवेगहरूलाई व्यवस्थित एवं क्रमबद्ध अनुक्रियाका रूपमा समाहित गर्नु नै कल्पनाको कार्य हो । रिचर्डसले विरेचन प्रक्रियालाई मूल्य सिद्धान्त तथा कल्पना सिद्धान्तसँग जोडेर पुनर्व्याख्या गर्ने प्रयत्न गरेका छन् । कलरिजको कल्पना सिद्धान्त र आफ्नै विपरीत, विसंवादी वा विस्वर आवेगको सन्तुलन, सामञ्जस्य तथा समाहितिसम्बन्धी मूल्य सिद्धान्तको व्याख्याका निम्ति सर्वोत्कृष्ट उदाहरणका रूपमा रिचर्डस दुःखान्त नाटकलाई ग्रहण गर्दछन् किनभने त्रास र करूणाजस्ता परस्पर विपरीत आवेगहरूको सन्तुलन, सामञ्जस्य तथा समाहिति दुःखान्त नाटकमा जति समृद्ध रूपमा अन्यत्र भेटिँदैन । यसरी कल्पना सिद्धान्तमा मूल्यवादी रिचर्डस, कल्पनावादी कलरिज र विरेचनवादी अरिस्टोटलजस्ता तीन महान् चिन्तकहरूको सैद्धान्तिक मिलन हुन्छ ।

**सन्दर्भ सामग्रीसूची**

गुप्त, शान्तिस्वरूप (सन् २००३), *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त,* दिल्ली : अशोक प्रकाशन ।

चौधरी, सत्यदेव र गुप्त, शान्तिस्वरूप (सन् २०००), *भारतीय तथा पाश्चात्य काव्यशास्त्रका सङ्क्षिप्त विवेचन,* दिल्ली : अशोक प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग-१),* (ते.सं). काठमाडौं : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, अभि (२०५४), *पाश्चात्य काव्य-सिद्धान्त,*काठमाडौँ : साझा प्रकाशन ।

**sharmayadav134@gmail.com**